**Notice regarding prohibition of smoking in public places of Kathmandu Metropolitan City**

# सार्वजनिक स्थलमा धुम्रपान तथा सुर्ती सेवन गर्न निषेध गरिएको बारे काठमाडौँ महानगरपालिकाको जरुरी सूचना !

प्रथमपटक प्रकाशित मिति : २०७९।०५।३०

काठमाडौँ महानगरपालिका, नगरसभाको ११ औं अधिवेशनबाट सार्वजनिक स्थलमा धुम्रपान गर्न निषेध गर्ने व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन गर्ने नीति पारित भएकोले सोको कार्यान्वयन गर्ने उद्देश्यले यो सूचना प्रकाशित गरिएको छ । अतः संवत् २०७९ आश्विन १ गतेबाट सार्वजनिक स्थलमा चुरोट, बिडी, सिगार, तमाखु, सुल्फा, कक्कड, कच्चा सुर्ती, खैनी, गुट्खा, सुर्ती वा यस्तै प्रकारका अन्य पदार्थ मुखमा राख्ने, त्यस्तो पदार्थको नसा लिने वा सेवन गर्ने कार्य निषेध गरिएको छ । सार्वजनिक स्थलमा धुम्रपान र सुर्तिजन्य पदार्थको प्रयोग नगर्ने, अन्य व्यक्तिबाट हुने प्रयोगलाई निरुत्साहित गर्ने, सार्वजनिक स्थललाई धुम्रपान तथा सुर्तीजन्य पदार्थ मुक्त गर्ने/गराउने कार्यका लागि गरिने नियमन तथा नियन्त्रणसम्बन्धी कार्यमा सहयोग गर्न सम्बद्ध सबैमा अनुरोध गरिन्छ ।

प्रचलित कानुन, सदाचार र सार्वजनिक हित तथा भलाइका दृष्टिले सार्वजनिक स्थललाई धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवन नगर्ने स्थल बनाउन काठमाडौँ महानगरपालिकाबाट सूचना जारी गरिएकोले यो सूचनाको उल्लङ्घन गरेमा सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने ऐन, २०६८ समेतका आधारमा कानुन उल्लङ्घन गर्ने व्यक्तिलाई सार्वजनिक स्थलबाट बाहिर निकाल्ने वा तोकिएबमोजिमको जरिवानासमेत हुने व्यहोरा सूचित गरिन्छ ।

सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हितको अभिवृद्धि गर्ने उद्देश्यले काठमाडौँ महानगरपालिका महानगरवासीमा विशेष आह्वान गर्दछ ।

**काठमाडौँ महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**